बैठक संख्या : ११

आज मिति २०७४ साल पौष १० गतेका दिन गाउपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्युको अध्यक्षतामा गाउ कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतरा | उपाध्यक्ष |
| श्री ~~दत्त बहादुर बुढा~~ | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री बिर्षराम बोहोरा | सदस्य |
| श्री कालि बहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बुढा | सदस्य |
| श्री जानकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैत्री ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री राम बहादुर बुढा,प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

## आमन्त्रितहरु

## बैठकका एजेण्डाहरु

- वडा स्तरिय अनुगमन समिक्षा सम्बन्धमा
- शिक्षा पूर्वाधार तथा विद्यालय फर्निचर सम्बन्धमा
- संस्कृति प्रबर्द्धन कार्यक्रम / योजना सम्बन्धमा
- अन्य विविध

Scanned with CamScanner

## निर्णयहरु

निर्णय नं.–१

पातारासी गाउकार्यपालिकाको मासिक नियमित बैंठक प्रत्येक महिनाको ६ गते बस्ने निर्णय भयो । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा पछिल्लो दिन बैंठक बस्ने निर्णय गरियो ।

निर्णय नं.–२

पातारासी गाउपालिका अन्तर्गत पशु विकासका लागि विभिन्न पशु विरामी दर्ता एवं शिफारिस दस्तुर देहाय बमोजिम तोकिएको अनुमोदन गर्ने निर्णय भयो ।

तपसिल

| सि.नं. | पशु पंक्षिको किसिम | दर्ता शुल्क(रु.) |
|---|---|---|
| १ | गाई / भैसी | १०।०० |
| २ | कुकुर / बिरालो | २५।०० |
| ३ | घोडा / खच्चर / हात्ती | ५०।०० |
| ४ | बंगुर / खरायो / भेडा / बाखा | ५।०० |
| ५ | कुखुरा / हांस | ५।०० |
| ६ | शिफारिस दस्तुर(अन्य) | १००।०० |
| ७ | समुह दर्ता नविकरण दस्तुर | ५०।०० |
| ८ | व्यवसायी दर्ता शिफारिस दस्तुर | १००।०० |
| ९ | ऋण शिफारिस दस्तुर | १००।०० |
| १० | ग्रा.प.स्वा.का दर्ता शिफारिस | १००।०० |
| ११ | गर्व परिक्षण / गोवरण परिक्षण | २५।०० |
| १२ | कृतिम गर्भाधारण दस्तुर | २५।०० |
| १३ | शव परिक्षण ठुलो<br>सानो | २५०।००<br>१५०।०० |

Scanned with CamScanner

निर्णय नं.–३

पातारासी गाउपालिका अन्तर्गतका विभिन्न विद्युतहरुको अवस्था अनुगमन टोलीबाट अध्ययन हुंदा क्यानल,फरबिट टंकी ,पावरहाउसका उपकरणहरु काम नलाग्ने र पुल्लीहरु बदल्नु पर्ने जस्ता समस्या भएका हुंदा तत्काल मर्मत गरी काम चलाउने बनाउनका लागि देहायका विद्युत आयोजनाहरुलाई देहाय बमोजिमको बजेट आकष्मिक कोषबाट विनियोजन गर्ने निर्णय भयो ।

तपसिल

| | |
|---|---|
| क) छुमचौर जलविद्युत आयोजना | रु.२ लाख |
| ख) जपना जलविद्युत आयोजना | रु.१ लाख |
| ग) बाता जलविद्युत आयोजना | रु.१लाख ५०हजार |
| घ) पटमारा जलविद्युत आयोजना | रु.१लाख ५०हजार |
| ङ) तल्लो लोर्पा जलविद्युत आयोजना | रु.२ लाख |
| च) लुम जलविद्युत आयोजना | रु.१ लाख |
| छ) माथिल्लो लोर्पा जलविद्युत आयोजना | रु.२ लाख |
| ज) लाम्री जलविद्युत आयोजना | रु.१ लाख |

निर्णय नं.–४

पातारासी गाउपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य चौकीहरुको अवस्था अनुगमन टोलीबाट अध्ययन हुंदा डिल्लीचौर स्वा.चौ.को अवस्था ज्यादै नाजुक भएको हुंदा उक्त स्वा.चौ.को खानेपानी,शौचालय मर्मत एवं डिल्लीचौर पशु सेवा केन्द्रको गेट,डिपिङ टंकी ,पशुखोर मर्मत गर्नु पर्ने भएको हुंदा दुवै संस्थाको लागत अनुमान तयार गरी कार्य शुरु गर्ने निर्णय भयो ।

निर्णय नं.–५

पातारासी गाउपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुको अवस्था नुगमन टोलीबाट अध्ययन हुंदा विभिन्न विद्यालयहरुको भवन,शौचालय,तारवार,फिल्ड तथा फर्निचर सम्बन्धी समस्या रहेको र तत्काल लागत अनुमान तयार गर्न समय लाग्ने हुदा प्राप्त अनुगमन टोलीको प्रतिवेदनका आधारमा लागत अनुमान पेश गर्न गाउपालिकाको कार्यालयलाई

निर्णय नं ६

उर्थु पेरे हुदै चोत्र ग्रामिण सडकको सर्भे कार्य सम्पन्न भैसकेकोले उक्त सडक सडकको दाया बायाको घर तथा अन्य संरचना निर्माण गर्दा हाल भएको सडक देखि कम्तीमा २.५मीटर सडकको भाग छोडने (Right fo way) निर्णय गरियो ।

निर्णय नं. ७

६ नं. वडा कार्यालय अन्तर्गतको मातहतमा रहेका सुरक्षा समितिको निर्णय नं.४ बमोजिम जुम्ला बजार देखि उर्थूचौतारा सम्म आवत जावत गर्ने यातायात बस, ट्याक्टर निजि बसहरु बाट शुल्क उठाउनका लागी अस्थाई प्रहरी चौकी उर्थूको च.नं. १५ मिति २०७४।०९।०५ गतेमा प्राप्त पत्र माथि छलफल हुदा पातारासी गाउपालिकाको पहिलो गाउ सभाबाट पारित आर्थिक ऐन २०७४ को दफा ११ अनुसुची १० बमोजिम गाउपालिका क्षेत्र भित्र शुल्क लगाउने निर्णय गरियो ।

निर्णय नं. ८

वडा नं. ६ र ७ को संयूक्त भेलाबाट पातारासि गाउपालिका वडा नं. ६ मा अवस्थित अस्थाई प्रहरी चौकीको लागी रु. १५,००,०००। मा जग्गा खरिद गरेको र उक्त जग्गा चालु आ.व. मा रु. ४,००,०००। उपलव्ध भएमा वाकी रकम अर्को आ.व.मा उपलव्ध गराए पनि जग्गा धनी मन्जुर हुने देखिएको हुदा हाल उक्त रकम रु. ४,००,०००। गाउपालिकाको कार्यालयबाट निकासा हुन माग भई आएको हुदा उक्त रकम अर्को आ.व. को वडागत बजेटबाट घटाउने गरि हाल जग्गा पास गर्ने प्रयोजनका लागि रु.४,००,०००। आकष्मिक कोषबाट विनियोजन गरि सोध भर्ना लिने निर्णय गरियो ।

निर्णय नं. ९

पातारासी गाउपालिका वडा नं. १ अर्न्तगतको पुनेरी पाल्त खानेपानी निर्माणमा रु.१२,८०,०००।०० र धोपाघाट देखि वुढाखार्तुसम्म ग्रामीण सडक स्तरिकरणमा रु.१०,००,०००।०० वडा कार्यालयको शिफारिसमा बजेट विनियोजन भएकोमा हाल पुनेरी पाल्त खानेपानी निर्माण RIS NEPAL संस्थाबाट संचालन गरिने भएकोले उक्त खानेपानीमा विनियोजन भएको रकम रु.१२,८०,०००।०० र धोपाघाट देखि वुढाखार्तुसम्म ग्रामीण सडक स्तरिकरणमा विनियोजन भएको रकम रु.१०,००,०००।०० गरी जम्मा रु.२२,८०,०००।०० स्यालगडीगाउ चोत्र सडक निर्माण कार्यमा थप गरी पातारासी गाउपालिकाको सिमाना चोत्रासम्म सडक जोडी डोल्पा जिल्लासम्म सडक सञ्जाल जोड्नका लागि वडा स्तरिय अनुगमन टोलीबाट समेत बजेट थप हुन प्रतिवेदन पेश भएकोले अव आईन्दा अन्य योजनाको हकमा संशोधन नहुने गरी उक्त दुइ वटा योजनाहरुको बजेट स्यालगडीगाउ चोत्र सडक निर्माणमा थप गरी योजना संशोधन गर्ने र तत्काल उपभोक्ता समिति गठन गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

Scanned with CamScanner